मितिः-२०८१।०३।१०

नगरसभाका अध्यक्ष ज्यू
तथा नगरसभा सदस्य ज्यूहरु ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ देखि दफा ५३ सम्म दिएको अधिकार क्षेत्र भित्र रहि स्वतन्त्र, निश्पक्ष, पहुँचयोग्य, पारदर्शी, सक्षम र विश्वसनीय न्याय सम्पादन गरिरहेको यस न्यायिक समितिले समितिमा दर्ता भएका सबै विवादहरुको कानून सम्मत र सहज न्यायिक निरुपण गरि विवादका पक्षहरुलाई न्यायको अनुभुती दिलाउदै समितिको नियमित कार्य अन्तर्गत स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ को उपदफा २ अनुसार सभामा पेश गर्नु पर्ने बार्षिक प्रतिवेदन, ऐ.ऐनको दफा ४७ को उपदफा (१) र (२) बमोजिम आर्थिक बर्ष ०८०|०८१ मा न्यायिक समितिमा दर्ता भई न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन,२०७४ बमोजिम न्यायिक समितिबाट सम्पादन भएका कार्यहरुको बार्षिक प्रतिवेदन निम्न अनुसार पेश गर्दछु ।

**पृष्ठभुमिः**

संघीय शासन पद्दती अनुसार स्थानीय तहलाई कार्यकारिणी,व्यवस्थापकीय र न्यायिक अधिकारले सम्पन्न गराउने क्रममा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ देखी ५३ सम्मको प्रकृया अपनाई स्थानीय स्तरमै सामान्य विवादहरुलाई समाधान गर्न आवश्यक महसुस गरि राज्यले न्यायिक समितिको संबैधानिक व्यवस्था गरेको हो ।

**उद्देश्यः**

ऐनले तोकिएको क्षेत्राधिकार भित्र रहि स्थनीय स्तरमा उत्पन्न विवादहरुको स्थनीय स्तरमा नै समाधान गरि विवादित दुबै पक्षलाई जित जितको महसुस गराई, कानूनी उपचारमा खर्च कम गराउनु, समयको बचत गराउनु, निम्न स्तरसम्म न्यायको पहुँच पुर्याउनु, अनावश्यक झन्झटलाई हटाई समाजमा स्वच्छ र सुमधुर सामाजिक सम्बन्ध कायम राखु यस न्यायिक समितिको उद्देश्य रहेको छ ।

**बेलका नगरपालिका न्यायिक समितिका पदाधिकारीहरुः-**

संयोजकः- श्री जीरा राई

सदस्यः- श्री प्रेम बहादुर दाहाल

सदस्यः- श्री नानुमैया घिमिरे

नेपालको संविधानको धारा २१७ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ को उपदफा (१) र (२) बमोजिम आर्थिक बर्ष २०८०/८१ मा न्यायिक समितिमा दर्ता भई न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन,२०७४ बमोजिम न्यायिक समितिबाट सम्पादन भएका कार्य बिबरणहरु निम्न अनुसार पेश गर्दछु ।

- आ.व २०८०/८१ मा न्यायिक समितिमा जम्मा १०५ थान मुद्दा दर्ता भएका छन् ।
- दर्ता भएका मध्ये ९३ थान मुद्दा फरछ्यौंट भएका छन् ।

- अघिल्लो आर्थिक बर्ष (२०७९/०८०) मा ७२ थान मुद्दा जिम्मेवारी सरी आएकोमा २३ थान मुद्दा फर्यछौयोट भएकोमा अरु बांकि प्रकृयामा रहेको छ। ।
- न्यायिक समितिमा २२ थान मुद्दा कार्बाहिको प्रकृयामा रहेका छन् । ती मुद्दालाई आगामी आर्थिक बर्ष (२०८१/०८२)मा ८२ वटा मुद्धा जिम्मेवारी सारी कार्बाही प्रकृया अघि बढाईनेछ ।
- यस आर्थिक बर्षमा न्यायिक समितीको बैठक ४७ पटक बसेर बिभिन्न निर्णयहरु गरी सोही बमोजिम कार्य गरिएको छ ।
- न्यायिक समितिमा ३४ जना मेलमिलापकर्ताहरु सुचिकृत ।
- यस अवधिमा वडामा गठित मेलमिलाप केन्द्रबाट पनि उल्लेख्य रुपमा मेलमिलापको माध्यमबाट न्यायिक निरुपण भएको छ ।
- न्यायिक समिति तथा वडाको मेलमिलाप केन्द्रमा पर्न आउने मुद्दाको छिटो छरितो न्यायिक निरुपण गर्नका निमित्त मेलमिलाप केन्द्रका संयोजक तथा सदस्य सहित न्यायिक समितीका पदाधिकारी एवं कर्मचारीलाई सामुदायिक मेलमिलाप सम्बन्धी ३ दिने पुनर्ताजगी  तालिम सञ्चालन गरियो ।
- मेलमिलाप केन्द्रमा आ.ब.२०८०/८१ मा गरिएको न्यायिक निरुपण, निवेदन दर्ता देखि मिलापत्र हुँदा सम्मको प्रकृया, मिलापत्र लेखन लगायत सम्पुर्ण कार्यको न्यायिक समितिले अनुगमन गरि आवश्यक सुझाब दिईएको छ ।
- कानून सम्बन्धी सचेतना लगायतका अन्य बिषयमा मेलमिलापकेन्द्रका पदाधिकारीसँग बेला बेलामा अन्तरक्रिया कार्यक्रम समेत गरियो । बेलका नगरपालिकाका नगरबासीलाई छिटो छरितो रुपमा न्यायमा पहुँच पुर्याउनका लागि आगामि दिनमा न्यायिक समितिले बिभिन्न कानून सम्बन्धी सचेतना कार्यक्रमहरुको आयोजना गरिने प्रतिबद्दता समेत ब्यक्त गर्दछु ।

  उदयपुर जिल्ला भित्र र बाहिरका बिभिन्न न्यायिक समितिले यस न्यायिक समितिको अवलोकन भ्रमणको आगामी आ.व.मा योजना पेश गर्दछु।

  नगर उप-प्रमुखका बिबिध जिम्मेवारीका बावजुद न्यायिक कार्य सम्पादनको कार्यमा न्यायिक समितिका पदाधिकारी, नगरका कानूनी सल्लाहकार र कर्मचारीको कार्यदक्षता र सकारात्मक सहयोग भएतापनि बेलका नगरपालिकाको आन्तरिक कार्य मुल्यांकनमा न्यायिक समिति शाखाले पूर्ण  अंक प्राप्त नगरेको भएतापनि आगामी आ.व.मा यसलाई पूर्ण अंक प्राप्त गर्ने दिशामा अघि बढ्नेछ। सर्बविदितै छ, यस कार्यलाई निरन्तरता दिनेछौ ।

१.न्यायिक समितिमा आ.व.२०८०श्रावण महिनादेखि २०८१ असार मसान्त सम्म दर्ता भएका मुद्दा/विवादको  प्रगती विवरणः

| क्रस | विवरण | संख्या | |
|---|---|---|---|
| १. | गत आ.व. २०७९/८०को हेर्न बाकी मुद्दा संख्या | ७२ | आ.व.२०७८/७९मा सरेर आएको मुद्दा ८२ |
| २. | यस आ.व २०८०/८१को कुल दर्ता मुद्धा संख्या | १११ | |
| क. | निरुपण गर्ने सकिने मुद्धा(४७)१को | २४ | |
| ख. | मेलमिलाप मात्र गर्ने (४७)२को | ७३ | |

| | | | |
|---|---|---|---|
| ३. | तारेख दिएको मुद्दाको संख्या | ६० | |
| ४. | प्रक्रियामा रहेको मुद्दाको संख्या | २२ | |
| ५. | मिलापत्र भएको मुद्धाको संख्या | ३७ | |
| ६. | वडा मेलमिलाप केन्द्रमा मेलमिलापको लागि पठाएको मुद्धाको संख्या | ९७ | |
| ७. | ईलाका प्रहरी कार्यालय पठाएको मुद्धाको संख्या | १ | |
| ८. | अदालत पठाएको मुद्धाको संख्या | ३४ | |
| ९. | न्यायिक समितिको हालसम्म बसेको बैठक संख्या | ५७ | |
| १०. | फिर्ता भएका विवादको संख्या | ३ | |
| ११ | खारेज भएका विवादको संख्या | ५३ | |

२. न्यायिक समिति तथा मेलमिलाप केन्द्रद्धारा हेरिएको मुद्धा सम्बन्धी चौमासिक विवरणः-

| कस | महिना | दफा ४७(१)को विवाद/मुद्धा को संख्या | दफा ४७(२) को विवाद/मुद्धाको दर्ता संख्या | कुल जम्मा मुद्धा दर्ता संख्या | छलफलका लागि मेलमिलाप केन्द्रमा पठाउन आदेश भएको मुद्धा संख्या | मेलमिलाप भएको मुद्धाको संख्या | न्यायिक समिति को बैठक संख्या | अदालत पठाए को मुद्धा | ई.प्र.का. पठाएक को मुद्धा संख्या | खारेज भएको मुद्धा को संख्या | निर्णय गरिए को मुद्धा संख्या | मुद्धा फिर्ता गरे को मुद्धा संख्या | प्रकृया मा रहेको मुद्धा संख्या | तरेख दिए को मुद्धा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | फागुन मसान्त सम्म | २१ | ६३ | ८४ | ८४ | २३ | ३१ | ६ | १ | २३ | ० | १ | ० | ० |
| २ | चैत्र | १ | १ | २ | ३ | ४ | ४ | ६ | ० | ७ | ० | ० | | |
| ३ | बैशाख | १ | ९ | १० | २ | ५ | ४ | ८ | ० | ८ | ० | ० | | |
| ४ | जेठ | ६ | ३ | ९ | ३ | ३ | ४ | ६ | ० | ८ | ० | ० | | |
| ५ | असार | ३ | ३ | ६ | ५ | २ | ४ | ७ | ० | ७ | ३ | २ | | |
| | कुल जम्मा रु | ३२ | ७९ | १११ | ९७ | ३७ | ४७ | ३३ | १ | ५३ | ३ | ३ | २२ | ६० |

**३.न्यायिक समितिमा कानुन बमोजिम मुद्दाका काम कारबाही गर्न अझै पनि धेरै चुनौती र कठिनाईहरु रहेका छन्, जसमाः-**

१. न्यायिक समितिमा मिलापत्र र फैसला भएका मुद्दालाई कार्यान्वयन गर्नका लागी प्रकृयागत रुपमा काम गर्नुपर्ने हुन्छ तर अहिले सम्म अभिलेख शाखा नहुँदा मुद्दाको कार्यान्वयनमा समस्या भईरहेका कारण, जति सक्दो छिटो अभिलेख शाखालाई व्यबस्थित गर्नुपर्ने देखिएको छ ।
२. मेलमिलापकर्ताहरुमा कानूनी ज्ञानको अभाव ।
३. मेलमिलापकेन्द्रहरु अव्यवस्थित हुनाले सहज रुपमा छलफल चलाउनमा कठिनाई ।
४. मिलापत्र कार्यान्वयनलाई छिटो छरितो बनाउन कानूनी कार्यविधी नहुनु ।\
५. क्षेत्राधिकार बाहिरका मुद्दा दर्ता गर्न दबाब आउनु ।

- वडाका मेलमिलाप केन्द्रलाई मुद्दाको छलफल गर्न छुट्टै कोठाको आवश्यकता पर्छ, कतिपय वडामा छलफल गर्ने कोठा समेत नभएको हुँदा छलफल गर्न अत्यन्तै कठिन भएको अवस्था छ, छलफलको लागि कोठा भएका वडामा पनि पर्याप्त दराज तथा फर्निचरको व्यवस्था छैन, मिलापत्र लेखन लगायत विभीन्न कानूनी लिखतहरु गर्नुपर्दा कम्प्युटर र कर्मचारीको व्यवस्था नहुँदा मिलेका मुद्दामा पनि कानूनी प्रमाण बन्न सकेका छैनन् । मेलमिलाप केन्द्र संचालन खर्च समेत पर्याप्त नहुँदा मेलमिलापकर्ताहरुले धेरै कठिनाईका बाबजुत पनि जिम्मेवारी पुर्ण ढंगले निरन्तर रुपमा न्याय निरुपण गरिरहनु भएकोमा न्यायिक समिति लगायत सम्पुर्ण नगरपालिकाका तर्फबाट धन्यवाद दिदै देखिएका समस्यालाई तत्काल सम्बोधन गर्नका लागि पहल गर्ने प्रतिबद्दता व्यक्त गर्दछु ।

**समस्या समाधानका लागि आवश्यक सुझावहरुः-**

१. नगरभित्रका टोल विकास संस्थाहरुमा कानूनी सचेतनाका कार्यक्रम संचालन गरि विवादको समाधानका लागि तल्लो स्तरबाटै शुरुवात गर्नुपर्ने आवश्यकता देखिन्छ ।
२. मेलमिलाप केन्द्र र न्यायिक समितिबाट भएका मिलापत्र कार्यान्वयनका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५२ बमोजिम कार्यपालिकाले छुट्टै संयन्त्रको व्यवस्थापन गरी सहज प्रकृयाद्वारा मिलापत्रको कार्यान्वयन गराउन सके मुद्दाका पक्षहरुलाई न्याय पाएको अनुभुत गराउन सकिने देखिन्छ ।
३. मेलमिलापको काम गर्ने नगरपालिका क्षेत्रभित्रका संस्थाहरुलाई सूचीकृत गरी मुद्दाको मेलमिलाप प्रकृयामा परिचालन गर्दा समाजमा शान्ती स्थापना हुने ।
४. मेलमिलाप केन्द्र संचालनमा अझैपनि केही समस्या देखीएकोले मेलमिलाप केन्द्र सम्बन्धी छुट्टै कार्यविधि तर्जुमा गर्न सके मेलमिलापकर्ताहरुलाई अझ सक्रिय बनाउन सकिन्छ ।
५. मेलमिलापकर्ताहरुलाई मेलमिलाप र मौजुदा कानून, कानूनी लिखत सम्बन्धी पर्याप्त तालिम दिई दक्ष मेलमिलापकर्ता उत्पादन गर्न र न्यायिक समितिलाई संचालन गर्न न्यायिक समितिलाई पर्याप्त बजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**निष्कर्ष**

- नेपालको संबिधानले परिकल्पना गरेको न्यायिक समिति र यसको शाखाको रुपमा रहेका मेलमिलापकेन्द्रबाट निरन्तर रुपमा गरिएको न्याय सम्पादनले नगरबासीलाई समयको बचत,आपसी समझदारी, दुबैतर्फको जित सुनिश्चित, खर्चको बचत,समयभित्र न्यायको अनुभूती, अनावश्यक झन्झटबाट मुक्त भई छिटो छरितो न्यायको अनुभूत गराएको महसुस भएको छ । न्यायिक समितिको क्षेत्राधिकार बाहिर रहेका मुद्दाका लागि हामिले आवश्यक प्रकृयाका लागि सल्लाह सुझाव समेत दिदै आईरहेका छौं ।
- न्यायमा सहज पहुँच र विवादको दिगो समाधानका लागि न्यायिक समिति एउटा उत्तम विकल्प हो, यस्तो नवीनतम् प्रणालीलाई प्रभावकारीताका साथ न्यायको अनुभुती दिलाउनु मेरो संयोजकत्वमा रहेको न्यायिक समितिको कर्तव्य र दायित्व हो । सोही बमोजिम नै समितिले कार्य गर्दै आईरहेको छ । न्यायिक समितिमा पेश हुने मुद्दाको न्यायिक निरुपणका क्रममा आउने बाधा व्यबधानमा सदैव साथ दिनुहुने नगर प्रमुख ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू , वडाध्यक्ष ज्यूहरु,न्यायिक समिति सदस्य ज्यूहरु, वडा सदस्यज्यूहरु, सम्पुर्ण शाखाका शाखा प्रमुखज्युहरु, कानूनी सल्लाहकार ज्यू, मेलमिलाप केन्द्रका संयोजक तथा सदस्य ज्यूहरु न्यायिक समिति एबं नगरपालिका कर्मचारी बर्ग, नगर प्रहरी लगायत सम्पुर्ण नगरपालिका परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु र यस्तै सहयोगको अपेक्षा गर्दछु । **धन्यवाद ।**

<u>प्रस्तुतकर्ता</u><br>
जीरा राई<br>
संयोजक<br>
न्यायिक समिति